नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभष्टक सेक्टर ईनोभेसन आयोजना
विकेन्द्रिकृत आयोजना सहयोग इकाई
हेटौंडा, मकवानपुर

फोन नं. ०५७-५२४५।
ई-मेल:dlsuhetauda@g

पत्रसंख्या:२०७७/७८
च.नं.: १०१

## भकारो सुधार तथा मलमुत्र व्यवस्थापन सहयोगको प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/६/२१**

आर्थिक वर्ष २०७७/७८ को विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रममा सहभागी हुन ईच्छुककृषक समुह वा दुग्ध उत्पादक सहकारी संस्थाले आफ्नो संस्थामा आवद्ध कृषकहरुको (कम्तिमा २ वटा उन्नत दुधालु वयस्क पशु पालिरहेका कृषक) लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस आयोजना लागु भएका सम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तपसिलका कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नुहुन सुचित गरिन्छ । अनुसूची २ क अनुसारको माग संकलनफारम ढाँचाविकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडाको कार्यालय वा सम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गरेर वा आयोजनाको वेब साइट www.nlsip.gov.np बाट समेत प्राप्त गर्न सकिने छ।

तपसिल:

संलग्न गर्नुपर्ने कागजातहरु

क. रु १० को हुलाक टिकट टाँस गरी अनुसूची २ ख को ढाचाँ अनुसारको निवेदन
ख. अनुसूची २ क अनुसारको भरेको माग संकलन फारम
ग. समुह तथा सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
घ. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
ङ. समुह सहकारीको नाममा खाता रहेको वैंकबाट जारी गरिएको चेकको फोटोकपि
च. समुह/सहकारी मार्फत सहभागी हुने कृषकको नागरिकताको प्रतिलिपि
छ. अघिल्लोआ.व. को करचुक्ता प्रमाणको प्रतिलिपि
ज. लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
झ. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस
ञ. कृषक छनौट गरेको समुह वा सहकारीको वैठकको निर्णय र सिफारिस पत्र

आयोजना समन्वय प्रमुख
विकेन्द्रिकृत आयोजना सहयोग इकाई, हेटौंडा
कार्यालय प्रमुख

थप जानकारीको लागि कार्यालयको फोन नं. ०५७-५२४५७४ मा सम्पर्क गर्न वा स्थानीय तहमा कार्यरत पशु सेवा सामाजिक परिचालकसंग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# अनुसूची-२

क. समूह तथा सहकारीका कृषकहरुलाइ भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक समूह तथा सहकारीवाट माग संकलन फाराम

१. समूह/सहकारीको परिचय

१.१ समूह/सहकारीको नाम:

१.२ समूह/सहकारीको ठेगाना :

१.३ स्थापना वर्ष :

१.४ सदस्य संख्या :

१.४.१ पुरुष: १.४.२ महिला: १.४.३ जम्मा:

१.५. समूह/सहकारीको उद्धेश्य

क)

ख)

ग)

२. समूह/सहकारीमा गाई/भैसी पालन विवरण

| क्र.सं. | सहभागी हुने कृषकको नाम | वयस्क गाई संख्या | | वयस्क भैसी संख्या | | वार्षिक उत्पादन हुने दूध (लि.) | वार्षिक बिक्री गर्ने दूध (लि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | उन्नत | स्थानीय | उन्नत | स्थानीय | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

ख. समूह तथा सहकारीका कृषकहरुलाइ भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक समूह तथा सहकारीको निवेदनको ढाँचा

श्री प्रमुख ज्यू

विकेन्द्रीकृत आयोजना सहयोग इकाई

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

हेटौंडा ।

महोदय

उपरोक्त सम्बन्धमा आयोजनावाट संचालन गरिने समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा यो कृषक समूह/सहकारी संस्था समेत सहभागी हुन इच्छुक भएकोले समूह/सहकारी संस्थाको मिति.....................................को निर्णयानुसार सहभागी गराइ दिनु हुन अनुरोध सहित आवश्यक विवरण पेश गरेका छौं । कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न र सञ्चालन गर्ने क्रममा आयोजनावाट प्राप्त हुने अनुदान सहयोग वाहेकको थप लगानी गर्न यो समुह/सहकारीका सदस्यहरु र यो समूह/सहकारी मन्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

.........................

अध्यक्ष/सचिव